मिति: २०७७।०९।१३,सोमबार

## बिषयः धानबालीको उत्पादन अनुमान सम्बन्धि प्रेस विज्ञप्ती

कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, कृषि विभाग र अन्तर्गतका केन्द्रीय कार्यालयहरु, भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालयहरु र अन्तर्गतका कृषि विकास निर्देशनलाय तथा कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयहरुबाट प्राप्त वालीनाली स्थिति, वाली कटानी विवरण एवं मनसुन सिजनमा भएको वर्षाको तथ्याङ्क, उन्नत तथा हाईब्रिड वीउ विजनको उपलब्धता तथा प्रयोग, मलखादको उपलब्धता एवं प्रयोग, रोग किराबाट पर्न गएको प्रभाव जस्ता प्रमुख कारकहरुको विश्लेषणका आधारमा तयार पारिएको चालु आ.व.को धान उत्पादनका प्रारम्भिक अनुमानका चारवटा तालिकाहरु यसै साथ संलग्न गरिएका छन्। ICIMOD संगको सहकार्यमा Satellite image लाई Remote sensing विधिको प्रयोगबाट प्राप्त तराईका १३ जिल्लाहरुमा लगाइएको बर्षे धानको क्षेत्रफलका आँकडा पनि यस अनुमानमा उपयोगी सिद्ध भएका छन् । वीउ प्रतिस्थापनदर, सिंचित क्षेत्रफलमा आएको विस्तार, प्रविधिमा आएका सुधारका सुचना तथा आँकडाहरु यी अनुमान निर्धारण गर्न सहायक भएका छन् ।

चालु आ.व.मा चैते धान र बर्षे धान गरी कुल धानको उत्पादन गत बर्षको तुलनामा ७० हजार ८३१ मे.टनले बृद्धि भई ५६ लाख २१ हजार ७ सय १० मे.टन पुगेको छ र १४ हजार हेक्टर ५ सय ५९ हेक्टर क्षेत्रफल बृद्धि भई कुल १४ लाख ७३ हजार ४ सय चौरहत्तर हेक्टर क्षेत्रफलमामा धान उत्पादन भएको छ ।यसै गरी उत्पादकत्व ३.८२ पुगेको छ जुन गत साल भन्दा ०.२८ प्रतिशत बढी र हालसम्मकै उच्च उत्पादकत्व हो । विगत पाँच बर्षका धान उत्पादन विश्लेषण गर्दा आ.ब. २०७३/७४ को तुलनामा यो उत्पादन करिब ७.४८ प्रतिशतले बढी अर्थात ३ लाख ९१ हजार मेट्रिक टन ले बढी हुन आएको छ ।यसैगरी सोही आ.ब.को उत्पादकत्वको तुलनामा चालु आ.ब.को उत्पादकत्व १३.२५ प्रतिशतले बढेको छ ।

चालु आ.ब.मा सक्रिय मनसुन जुन १२ अर्थात् जेठ ३० बाटै सुरुवात भएको र गत सालको मनसुन अवधि भन्दा औषत् ४१४ मि मि अर्थात् ३१ प्रतिषत् बढी बर्षा भएको थियो जवकी गत साल असार ५ गते मनसुन भित्रिएको थियो । यसै गरी लकडाउनले गर्दा कामदारको सहज उपलब्धता रहेको, प्रदेशगत कृषि कार्यालयहरुले विउविजन उपलब्धतामा सहजिकरण गरेकाले गत साल भन्दा समग्रमा १ प्रतिशत अर्थात् १४ हजार हेक्टर ५ सय ५९ हेक्टर बढी क्षेत्रफलमा बढी रोपाई भएको थियो ।बढी क्षेत्रफलमा रोपाई हुनुको साथसाथै धानबालीमा तथ्याङ्कीय हिसावमा उन्नत विउले ९५ प्रतिशत भन्दा बढी क्षेत्रफल ढाकेको, धानबालीको सिजनमा गत साल भन्दा न्युन युरिया आपुर्ती हुँदा पनि राष्ट्रको धानबालीको कुल उत्पादनमा करिव ७० प्रतिशत योगदान रहेका तराईका जिल्लाहरुमा सिमाना पारीवाट अनौपचारिक रुपमा रासायनिक मल किसानले ल्याई असहजतालाई पुर्ति गरेको पाईएको छ ।यसका अलावा यथेष्ट तथा छिटो बर्षा सुरु हुनु, उन्नत तथा हाईब्रिड बिउबिजनको उपलब्धता तथा प्रयोगमा आएको बृद्धि, क्षेत्रगत हिसावमा रोग, किराको

प्रकोप तथा विउका समस्यामा कमी हुनु,  सिंचाइ प्रबिधिमा आएका सुधारहहरुले गर्दा यस वर्ष गत बर्षको तुलनामा उत्पादन बढेको छ र हालसम्मकै उच्च उत्पादकत्व ३.८२ पुगेको छ । आ.ब. २०७३।७४ मा १४.५ रहेको विउ प्रतिस्थापन दर हाल २३.४२ पुग्नु पनि उत्पादकत्व बृद्धिको महत्पूर्ण विषय हो।रोपाईको समयमा यस बर्ष अहिले अनुमान गरिए भन्दा बढी धान फल्ने प्रक्षेपण गरियता पनि बिशेष गरी दोस्रो टप ड्रेसिङमा युरिया मलको अभाव रहेकाले प्रक्षेपित मात्रामा उत्पादन हुन सकेन ।

चैते धान र बर्षे धानको उत्पादन सम्बन्धि आँकडाको आआफनै महत्व रहेकाले यस मन्त्रालयले गत दुई आ.ब.देखी बार्षिक धान वालीलाई चैते र बर्षे धान उत्पादनको अलग अलग विश्लेषण गर्ने अभ्यास थालनी गरिएको छ।चैते धानको उत्पादकत्व बर्षे धानको उत्पादकत्व भन्दा उच्च रहि आएको पाईन्छ।उत्पादकत्वका हिसावले लुम्विनी सबै भन्दा उच्च र कर्णाली प्रदेश न्युन रहन पुगेका छन् । प्रदेशगत चैते, बर्षे तथा कुल धानबालीको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व चालु आ. व. र गत आ व को तथ्याङ्कीय विवरणहरु टेवल (१-४) मा उल्लेख गरिएको छ ।

## Table1. Paddy: area, production and yield for previous five years

| Production (Mt.) | | | | | Percentage Change in 2077/78 Compared to | | | |
|---|---|---|---|---|---|---|---|---|
| 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | (1) | (2) | (3) | (4) |
| (1) | (2) | (3) | (4) | (5) | | | | |
| 5,230,327 | 5,151,925 | 5,610,011 | 5,550,878 | 5,621,710 | **7.48** | **9.12** | **0.21** | **1.28** |
| **Area (Ha.)** | | | | | | | | |
| 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | (1) | (2) | (3) | (4) |
| (1) | (2) | (3) | (4) | (5) | | | | |
| 1,552,469 | 1,469,545 | 1,491,744 | 1,458,915 | 1,473,474 | **-5.09** | **0.27** | **-1.22** | **1.00** |
| **Yield (Mt./Ha.)** | | | | | | | | |
| 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | (1) | (2) | (3) | (4) |
| (1) | (2) | (3) | (4) | (5) | | | | |
| **3.37** | **3.51** | **3.76** | **3.80** | **3.82** | **13.25** | **8.83** | **1.45** | **0.28** |

## Table 2. Paddy area , production, and yield by provinces
## (area in ha, production in mt. , yield in mt/ha)

| Provinces | Area 2076/77 | Area 2077/78 | % change in Area | Production 2076/77 | Production 2077/78 | % change in production | Yield 2076/77 | Yield 2077/78 | % change in yield |
|---|---|---|---|---|---|---|---|---|---|
| Province No 1 | 324,740 | 330,438 | 1.75 | 1,254,945 | 1,275,554 | 1.64 | 3.85 | 3.86 | 0.17 |
| Province No 2 | 377,611 | 382,275 | 1.24 | 1,420,436 | 1,432,819 | 0.87 | 3.76 | 3.75 | -0.36 |
| Bagmati | 131,030 | 132,813 | 1.36 | 510,201 | 509,590 | -0.12 | 3.93 | 3.84 | -2.36 |
| Gandaki | 108,697 | 106,541 | -1.98 | 408,737 | 397,094 | -2.85 | 3.76 | 3.73 | -0.88 |
| Lumbini | 302,743 | 307,149 | 1.46 | 1,185,493 | 1,224,497 | 3.29 | 3.91 | 3.99 | 2.03 |
| Karnali | 38,886 | 39,041 | 0.40 | 134,407 | 137,165 | 2.05 | 3.46 | 3.51 | 1.65 |
| Sudurpaschim | 175,208 | 175,218 | 0.01 | 636,659 | 644,991 | 1.31 | 3.64 | 3.68 | 1.01 |
| **N E P A L :** | **1,458,915** | **1,473,474** | **1.00** | **5,550,878** | **5,621,710** | **1.28** | **3.80** | **3.82** | **0.28** |

## Table 3. Main season paddy by provinces
## (area in ha, production in mt., yield in mt/ha)

| Provinces | Area 2076/77 | Area 2077/78 | % change in Area | Production 2076/77 | Production 2077/78 | % change in Production | Yield 2076/77 | Yield 2077/78 | % change in yield |
|---|---|---|---|---|---|---|---|---|---|
| Province No 1 | 268,796 | 274,090 | 1.97 | 985,891 | 1,010,129 | 2.46 | 3.67 | 3.69 | 0.48 |
| Province No 2 | 341,072 | 345,603 | 1.33 | 1,253,123 | 1,262,200 | 0.72 | 3.67 | 3.65 | -0.60 |
| Bagmati | 111,743 | 113,523 | 1.59 | 427,182 | 423,423 | -0.88 | 3.82 | 3.73 | -2.43 |
| Gandaki | 103,015 | 100,671 | -2.28 | 382,903 | 369,571 | -3.48 | 3.72 | 3.67 | -1.23 |
| Lumbini | 299,484 | 303,431 | 1.32 | 1,167,892 | 1,206,176 | 3.28 | 3.90 | 3.98 | 1.93 |
| Karnali | 38,699 | 38,854 | 0.40 | 133,561 | 136,318 | 2.06 | 3.45 | 3.51 | 1.66 |
| Sudurpaschim | 174,605 | 174,688 | 0.05 | 633,853 | 642,499 | 1.36 | 3.63 | 3.68 | 1.32 |
| **N E P A L :** | **1,337,414** | **1,350,859** | **1.01** | **4,984,403** | **5,050,318** | **1.32** | **3.73** | **3.74** | **0.31** |

## Table 4. Spring paddy by provinces
## (area in ha, production in mt., yield in mt/ha)

| Provinces | Area 2076/77 | Area 2077/78 | % change in Area | Production 2076/77 | Production 2077/78 | % change in Production | Yield 2076/77 | Yield 2077/78 | % change in yield |
|---|---|---|---|---|---|---|---|---|---|
| Province No 1 | 55,944 | 56,348 | 0.72 | 269,055 | 265,425 | -1.35 | 4.81 | 4.71 | -2.06 |
| Province No 2 | 36,539 | 36,672 | 0.36 | 167,314 | 170,618 | 1.97 | 4.58 | 4.65 | 1.61 |
| Bagmati | 19,287 | 19,290 | 0.02 | 83,019 | 86,166 | 3.79 | 4.30 | 4.47 | 3.77 |
| Gandaki | 5,682 | 5,870 | 3.31 | 25,834 | 27,523 | 6.54 | 4.55 | 4.69 | 3.13 |
| Lumbini | 3,259 | 3,718 | 14.08 | 17,601 | 18,320 | 4.08 | 5.40 | 4.93 | -8.77 |
| Karnali | 187 | 187 | 0.00 | 846 | 847 | 0.08 | 4.53 | 4.53 | 0.08 |
| Sudurpaschim | 603 | 530 | -12.11 | 2,806 | 2,492 | -11.17 | 4.65 | 4.70 | 1.06 |
| **N E P A L :** | **121,501** | **122,615** | **0.92** | **566,476** | **571,392** | **0.87** | **4.66** | **4.66** | **0.00** |